जोशीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोशीपुर, कैलाली

७ न. प्रदेश, नेपाल

## मोटरसाईकल खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०२/१८ गते)

यस कार्यालयको लागी आ. व. २०७४/०७५ मा आवश्यक पर्ने मोटरसाईकलहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालू आ. व. को लागी नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ. व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको सक्कलै Manufacturer's Authorization Letter तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) बाट स्थानीय एजेण्ट (Authorized Dealer) लाई यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका शिलबन्दी दरभाउपत्र फाराम १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण र ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउँसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र शिलबन्दी दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी दरभाउपत्रका साथ तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम यस कार्यालयको नाममा **NIC ASIA Bank Ltd. जोशीपुर शाखामा रहेको धरौटी खाता नं. C ३४१४९८७८१५२४००१** मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंङ्कबाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट गणना हुनेगरी ७५ दिन अवधि (Validity) रहेको सक्कलै बैंक जमानत (**Unconditional Bid Bond**) संलग्न गरी पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५. कवोल रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यसमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

१०.यस वाहेक अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | कामको विवरण | आवश्यक संख्या | फाराम दस्तुर रु. | शिलबन्दी दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७४-०७५ | Motorcycle, Engine Not less than 145 CC. Others are as per approved technical Specification. | ९ (नौ) थान | १,०००/- | ५५,०००/- | |

२०७५/०२/१८

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत